नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
# उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

## व्यावसायिक भिसा सिफारिस सम्बन्धी सूचना ।

विदेशी लगानीकर्ता वा निजको आधिकारिक प्रतिनिधि र त्यस्तो लगानीकर्ता वा निजको प्रतिनिधिका परिवारका सदस्यलाई विदेशी लगानी स्वीकृत भए पश्चात लगानीको आधारमा यस विभागबाट एकल बिन्दु सेंवा केन्द्र (भिसा सहजिकरण इकाई) मा व्यावसायिक भिसा सिफारिस हुँदै आएको छ। यसै सन्दर्भमा केही विदेशीहरुले व्यावसायिक भिसा प्राप्त गर्ने प्रयोजनका लागि मात्र विदेशी लगानी स्वीकृत गर्ने र सो पश्चात कम्पनी, उद्योग तथा कर कार्यालयमा दर्ता लगायतका कार्य नगर्ने र विदेशी लगानी समेत नभित्र्याउने गरेको पाइएको छ। यसबाट व्यावसायिक भिसा प्राप्त गरेका विदेशी नागरिकहरु भिसाको उद्देश्य विपरितका गतिविधिमा संलग्न समेत हुन सक्ने भएकोले विदेशी लगानी र व्यावसायिक भिसा सिफारिस गर्ने कार्यलाई थप व्यवस्थित र मर्यादित बनाउँदै व्यावसायिक भिसालाई वास्तविक लगानीसँग आवद्ध गर्नका लागि मिति २०७९/०७/१८ गतेबाट लागू हुने गरी देहाय बमोजिम भिसा सिफारिस गरिने व्यहोरा मिति २०७९/०७/१७ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. विदेशी लगानी स्वीकृति भए पश्चात पहिलो पटक ३ महिनाको लागि व्यावसायिक भिसा सिफारिस गर्दा आगामी पटक आवेदन गर्दा अनिवार्य रुपमा कम्पनी दर्ता प्रमाणपत्र पेश गर्नुपर्ने शर्त राखी सिफारिस गरिनेछ।

२. कम्पनी दर्ताको प्रमाणपत्र पेश भएमा थप ३ महिनाको व्यावसायिक भिसा सिफारिस गरिनेछ। आगामी पटक आवेदन गर्दा कर कार्यालयमा दर्ता गरेको, बैंक खाता खोलेको र उद्योग दर्ता गरेको वा उद्योग दर्ताको लागि आवेदन दर्ता गरेको प्रगति विवरण पेश गर्नु पर्ने शर्त राखी भिसा सिफारिस गरिनेछ।

३. उद्योग दर्ता प्रमाणपत्र पेश भएमा थप ६ महिनाको भिसा सिफारिस गरिनेछ वा उद्योग दर्ताको सम्बन्धमा भएको प्रगति विवरण सन्तोषजनक भएमा थप ३ महिनाको लागि व्यावसायिक भिसा सिफारिस गरिनेछ र सो अवधिमा उद्योग दर्ता गरी विदेशी लगानी भित्राउने प्रकृया सुरु गर्नु पर्ने शर्त राखी भिसा सिफारिस गरिनेछ।

४. साविकमा विदेशी लगानी स्वीकृति लिई लगानीकर्ताको रुपमा व्यावसायिक भिसामा बसी साविकको भिसा सिफारिस गर्दाको शर्त पुरा नगरी पुन: नयाँ विदेशी लगानी स्वीकृतिको लागि आवेदन गरेमा निजको विदेशी लगानी स्वीकृत गरिनेछ। तर प्रस्तावित विदेशी लगानी नभित्र्याए सम्म स्वीकृत नयाँ विदेशी लगानीको आधारमा मात्र पुन: व्यावसायिक भिसा सिफारिस गरिनेछैन।

५. त्यस पछिका समयको हकमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ को नियम ९ बमोजिमको लगानी भित्र्याए पछि मात्र थप व्यावसायिक भिसा सिफारिस गरिनेछ।

६. यस अघि व्यावसायिक भिसा लिई भिसाको अवधि थप गर्नका लागि आवेदन गर्नेहरुको हकमा समेत उल्लिखित प्रावधान अनुसारका शर्तहरु राखी सामञ्जस्यता कायम गरिनेछ।

नोट : यस सूचनाका प्रावधानहरुले वास्तविक विदेशी लगानीकर्ताहरुलाई कुनै अप्ठ्यारो परी सहजिकरण गर्नुपर्ने भए विभाग सदैव तयार रहेको व्यहोरा समेत जानकारी गराईन्छ।

मिति : २०७९/०७/१७ गते

एक्सचेन्ज: ४२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६९, फ्याक्स: ९७७-१-४२६१११२, इमेल: info@doind.gov.np, वेबसाइट: http://www.doind.gov.np
(कृपया पत्राचार गर्दा पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)